# द्वन्द्वोत्तर राज्यहरूका लागि कानुनी शासनका औजार
# सत्य आयोग स्थापना गर्ने[1]

## परिचय

गृहयुद्ध वा हुकुमी शासनबाट निक्लिरहेका देशहरूमा संक्रमण कालको लगत्तै कार्य सञ्चालन गर्न सत्य आयोग स्थापना गर्नु झनझन सामान्य भएको छ । यी आयोगहरू - आधिकारिक रूपले मान्यताप्राप्त, अस्थायी, गैरन्यायिक अनुसन्धानमूलक निकायहरू - लाई अन्तिम सार्वजनिक प्रतिवेदन तयार गरी आफ्नो काम पूरा गर्नुभन्दा अगाडि बयान लिन तथा छानबिन, अनुसन्धान तथा सार्वजनिक सुनुवाइहरू गर्न सापेक्षिक रूपले छोटो अवधि दिइन्छ । सत्य आयोगले अभियोजनको आवश्यकतालाई प्रतिस्थापन नगरे पनि तिनले विगतका लागि जवाफदेहीताको कुनै किसिमको रूप प्रदान गर्दछन् र यसरी तिनीहरू या न्यायप्रणालीको क्षमताको अभावको कारण या वास्तविक वा कानुनन आममाफीका कारण व्यापक अपराधहरूका लागि अभियोजनहरू असम्भव वा हुन नसक्ने अवस्थामा विशेष चाखका विषय भएका छन् । तल वर्णन गरिए झैं, सत्य आयोगको कार्यले भविष्यमा हुने कुनै पनि अभियोजनहरूलाई मजबुत बनाउन पनि सक्छ ।

आफ्नो उपयुक्त संरचना, अवयवहरू, अधिकार र कारबाहीका न्यूनतम मापदण्डहरूका सम्बन्धमा स्पष्ट अन्तर्राष्ट्रिय मान्यताहरू भएका अदालतहरू जस्तो नभएर सत्य आयोग धेरै पक्षमा देशैपिच्छे मनासिब रूपले फरक हुनेछ । विगत दुई-तीन दशकमा भएका ३० भन्दा बढी सत्य आयोगको अनुभवले थुप्रै सर्बोत्तम अभ्यास मार्गनिर्देशनहरूलाई जन्म दिएको छ । सत्य आयोगको स्थापना गर्ने, सल्लाह दिने वा सघाउनेहरूलाई मार्गनिर्देशन गर्ने एवं सत्य आयोगलाई नै मार्गनिर्देशन गर्ने मनसायले यी शिक्षाहरूलाई सङ्क्षेपिकृत गर्न यो प्रकाशन तयार गरिएको छ । पाठकले अद्यावधिक “दण्डहीनतासँग लड्ने कार्यमार्फत् मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका सिद्धान्तहरू ”लाई पनि विचार पुऱ्याउनुपर्छ ।

संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय पात्रहरूको यस्ता निकायहरूको स्थापना र सञ्चालनमा सहयोग गर्नमा महत्वपूर्ण भूमिका हुन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पात्रहरूले खेल्नसक्ने भूमिका जस्तै कार्य सञ्चालनसम्बन्धी धेरै महत्वपूर्ण निर्णय तथा कठिनाइ तल रेखाङ्कित गरिएका छन् ।

---

[1]यो उच्चायुक्तको कार्यालय, नेपालको प्रकाशनले उच्चायुक्तको कार्यालयको सत्य आयोगसम्बन्धी विस्तृत औजारमा प्रस्तुत सत्य आयोग स्थापना गर्ने प्रमुख पक्षहरूलाई सङ्क्षेपिकृत गर्दछः द्वन्द्वोत्तर राज्यहरूका लागि कानुनी शासनका औजार, सत्य आयोगहरू, उच्चायुक्तको कार्यालय २००६

## सत्य आयोग किन स्थापना गर्ने, र कहिले ?

बेपत्ता पारिएका व्यक्तिहरूको भाग्यबारे सत्य कुरा वा विगतका दुर्व्यवहारहरूबारे जानकारी थाहा पाउने व्यक्तिहरूको अधिकार सन्धि निकायहरू, क्षेत्रीय अदालतहरू र अन्तर्राष्ट्रिय तथा घरेलु न्यायाधीकरणहरूबाट पुष्टि भएको छ । सत्य आयोग विगतमा भएका उल्लङ्घनहरूको विस्तार र ढाँचाहरू एवं तिनका कारण र परिणामहरूलाई बुझ्ने प्रयासस्वरूप हजारौं पीडितसमक्ष पुग्दछ । निश्चित घटनाहरू किन हुन दिइयो भन्ने सवालहरू ठयाक्कै के भयो भन्ने व्याख्या गर्ने कुरा जत्तिकै महत्वपूर्ण हुनसक्छन् । अन्ततः आयोगको कार्यले कुनै समाजलाई बुझ्न र विवादित वा अस्वीकृत इतिहासलाई स्वीकार्न तथा सो गरेर आमनजरबाट प्रायः लुप्त पीडितहरूका आवाज र कथाहरूलाई सार्वजनिक रूपमा अगाडि ल्याउन सहयोग गर्न सक्छ भन्ने आशा गरिन्छ । सत्य आयोगले संस्थागत तथा नीतिगत सुधारहरूका लागि विशिष्ट सिफारिसहरूमार्फत् थप दुर्व्यवहारहरू हुन नदिने आशा पनि राख्दछ ।

## सत्य आयोगका लागि कुनै देश कहिले परिपक्व हुन्छ ?

तीनवटा महत्वपूर्ण तत्व हुनुपर्दछ । प्रथमतः विगतका दुर्व्यवहारहरूबारे गम्भीर जाँचबुझ हुन दिन र, आशा छ, त्यसलाई प्रोत्साहन दिन वा सक्रिय रूपले सघाउन राजनीतिक इच्छा हुनुपर्दछ । आदर्श रूपले भन्ने हो भने सरकारले कोष, राज्यका अभिलेखहरूमा खुला पहुँच वा सहयोगका लागि निजामती कर्मचारीहरूलाई स्पष्ट निर्देशनहरू उपलब्ध गराएर सो प्रक्रियाका लागि आफ्नो सक्रिय सहयोग देखाउनेछ । दोस्रो, हिंसात्मक द्वन्द्व, युद्ध वा दमनकारी अभ्यासहरूको अन्त्य हुनुपर्दछ । तेस्रो, यस्तो अनुसन्धानात्मक प्रक्रिया गराउन र सहयोग गर्न पीडित तथा प्रत्यक्षदर्शीहरूका तर्फबाट रुची हुनुपर्दछ ।

# सत्य आयोग स्थापना गर्ने

## क. परामर्श

माथि उल्लेख गरिए झैं, सबैभन्दा सशक्त सत्य आयोगहरू परामर्श प्रक्रिया र सो सन्दर्भका लागि कस्तो खालको आयोग सबैभन्दा उपयुक्त होला भन्ने कुराको होशियारपूर्ण सोचविचार मार्फत् स्थापना गरिन्छन् । हरेक आयोग राष्ट्रिय आवश्यकता, सबलता र अवसरहरूलाई प्रतिविम्बित गर्न कुशलतापूर्वक निर्माण गरिनुपर्दछ । यी परामर्शी प्रक्रियाहरूका दुईवटा उत्तिकै महत्वपूर्ण उद्देश्यहरू हुनुपर्दछ : सत्य आयोगसम्बन्धीको बुझाइलाई बढाउने तथा सबैभन्दा उपयुक्त कार्यादेशबारे सार्वजनिक बिचारमार्फत् कार्यविवरणलाई मजबुत पार्ने । परामर्शले स्पष्ट रूपले पीडित समुदाय तथा नागरिक समाजका सङ्गठनहरूलाई समावेश गर्नुपर्दछ र आयोगको मौलिक कार्यादेशबारे महत्वपूर्ण सार्वजनिक बिचार एवं कार्यविवरणको विशिष्ट मसौदाको निर्माण गर्दै गर्दा पृष्ठपोषणको अवधिका लागि स्थान दिनुपर्दछ । यो प्रक्रिया, जसमा स्वभाविक रूपले कार्यादेशका विशिष्ट अवयवहरू र रूपरेखाबारे बहस गर्न र सल्लाह दिन

कार्यशाला, गोष्ठी तथा अवसरहरू समावेश हुनेछन्, ले सामान्यतया कम्तीमा एकाध महिना लिन्छ र देशका सबै भाग र सबै मुख्य क्षेत्र, खासगरी ती समुदायहरू जो हिंसाबाट सबैभन्दा बढी प्रभावित छन्, बाट आएका विचारहरूलाई समावेश गर्नुपर्दछ । आयोगको कार्यको अध्ययनविधि तथा प्रभावबारे आमपृष्ठपोषणका लागि पनि विशेषगरी पीडित र नागरिक समाजका समूहहरूसँगको सञ्चारलाई आयोगको कार्यको क्रममा कायम राखिनुपर्दछ ।

प्रस्तावित सर्तहरूबारे बहस गर्न राष्ट्रिय सम्मेलनहरूको आयोजना गरेर, आयोगको स्थापना गर्न कानुनको मसौदा गर्न सहयोग गरेर, सरकारी अधिकारीहरूबाट समर्थन जुटाउने, मिडियालाई तालिम उपलब्ध गराएर र प्रस्तावित आयोगबारे आमसमझदारीको विकास गर्न राष्ट्रिय बाह्य रणनीति कार्यान्वयन गरेर राष्ट्रिय गैससहरूले यो आयोगको स्थापना भन्दा अघिको चरणमा प्रायः महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

## ख. राजनीतिक इच्छा र कार्यसञ्चालनमा स्वतन्त्रता

कठिन छानबिन र सत्यको प्रतिवेदन गर्न असली राजनीतिक इच्छा भए आयोग सबैभन्दा सफल हुने सम्भावना हुन्छ । उदाहरणका लागि, यो आधिकारिक दस्तावेजहरूमा आयोगलाई पहुँच दिन अधिकारीहरूको सहयोगमा र यसको कामका लागि छुट्याइएको सार्वजनिक कोषको स्तरमा प्रतिविम्बित हुनेछ। सरकारले आयोगलाई निषेधित दस्तावेजलगायत यसको छानबिनसँग सम्बन्धित अभिलेखहरू उपलब्ध गराउनुपर्दछ। छानबिनअर्न्तगतका कार्य र घटनाहरूबारे थाहा भएका अधिकारी वा पूर्वअधिकारीहरूले सार्वजनिक सुनुवाइमा वा, आयोगको सम्मतिमा, निजी बैठकहरूमा आयोगलाई जानकारी उपलब्ध गर्ने अपेक्षा गरिन्छ ।

आयोगको कार्यका लागि यस्तो सहयोग सँगसँगै स्पष्ट कार्यसञ्चालन स्वतन्त्रता पनि हुनुपर्दछ । एउटा सफल सत्य आयोगको प्रक्रियाका लागि अति आवश्यक वैधानिकता र सार्वजनिक विश्वास राजनीतिक हस्तक्षेपविना आफ्नो कार्य अगाडि बढाउने आयोगको क्षमतामा भर पर्दछ। स्थापना भएपछि आयोगले अनुसन्धान र छानबिन, बजेटसम्बन्धी निर्णय गर्ने कार्य र यसको आफ्नो प्रतिवेदन र सिफारिसहरूलगायतमा सरकारको प्रत्यक्ष प्रभाव वा नियन्त्रणबाट मुक्त भएर कार्यसञ्चालन गर्नुपर्दछ । बित्तिय निगरानी आवश्यक पर्ने ठाँउमा कार्य संचालनको स्वतन्त्रताको संरक्षण गरिनु पर्दछ । राजनीतिक अधिकारीहरूले आयोगले स्वतन्त्रतापूर्वक काम गरिरहने छ भन्ने स्पष्ट सङ्केतहरू दिनुपर्दछ।

## ग. कार्यविवरण

माथि उल्लेख गरेझैं परामर्शी प्रक्रियामा कार्यादेशका विशिष्ट पक्षहरूको, वा कार्यविवरणको राम्रोसँग सोचविचार गरिएको हुनुपर्दछ । अन्ततः कार्यविवरणले तलका प्रत्येक विषयलाई सम्बोधन गर्नसक्छ :

## १. कार्यसञ्चालन अवधि

कार्यविवरणले आयोगको सञ्चालनका लागि सुरुको र अन्त्यको मिति स्थापित गर्नुपर्दछ । यी मितिहरू सम्भवतः छोटो अवधिका लागि एक पटक वा सोभन्दा बढी म्याद बढाउने गरी लचिलो हुनसक्छन् । तर, कार्यसञ्चालनको पूर्ण सम्भाव्य अवधि निश्चित हुनुपर्दछ, नत्रभने आयोग धेरै लामो समयसम्म जानसक्छ, यसले जोड र गतिलाई गुमाउन सक्छ र अन्ततः यसमा आममानिसको चासो हराउनसक्छ । डेढबर्षदेखि अढाइवर्षसम्मको कार्यासञ्चालन अवधि सामान्यतया वाञ्छनीय भएको अनुभवले देखाउँछ ।

## २. छानबिनको समयावधि

आयोगले छानबिन गर्नुपर्ने विशिष्ट समयावधि पनि कार्यादेशमा उल्लेख गरिएको हुनुपर्दछ । केही आयोगहरूले ३५ वर्ष वा सोभन्दा लामो समयमा भएका उल्लङ्घनहरूको अध्ययन गरेका छन् भने अन्यले त्योभन्दा निकै छोटो अवधिको अध्ययन गरेका छन् । यो राष्ट्रको इतिहासको ती अवधिहरूमा आधारित हुनुपर्दछ जब सबैभन्दा खराब वा अधिकतम सङ्ख्यामा उल्लङ्घनहरू भए । पक्षपात भएको जस्तो नदेखाउन कुनै राष्ट्रको इतिहासका छानिएका अवधिमा मात्र ध्यान केन्द्रित गर्न समयावधि खण्डित भन्दा क्रमबद्ध हुनुपर्दछ । त्यस्तै, आयोगलाई आफ्नो क्षेत्रमा राजनीतिक रूपले पक्षपाती भएको देखाउने किसिमले कुनै पनि अत्यन्त महत्वपूर्ण अवधि छोडिनु हुँदैन ।

## ३. छानबिन गरिनुपर्ने उल्लङ्घनका प्रकारहरू

आयोगको कार्यादेश केही क्षेत्रहरूमा विशिष्ट र सापेक्षिक रूपले विस्तृत हुनुपर्दछ, तर यो आयुक्तहरूलाई व्याख्या र परिभाषा गर्न दिनसम्म लचिलो पनि रहनुपर्दछ । उदाहरणका लागि, आयोगको कार्यादेशले छानबिन गरिने विशिष्ट घटना सूचिकृत नगरोस्, बरु कुन प्रकारका उल्लङ्घनहरू यसले छानबिन गर्नुपर्ने हो सो जनाउन बढी सामान्य भाषा प्रयोग गरोस् भन्ने सामान्यतया रुचाइन्छ । यसले आयोगलाई मार्गनिर्देशन प्रदान गर्नुका साथै प्रकट भएका तथ्य र ढाँचाहरूका आधारमा आफ्नो छानबिन तथा प्रतिवेदन् लाई आकार दिन अनुमति दिन्छ । उदाहरणका लागि, "समाजमा प्रभाव पारेका गम्भीर हिंसात्मक कार्यहरू" वा "उल्लङ्घनहरू जो दुर्व्यवहारका नियमित ढाँचाका अंश थिए ती लगायत मानवअधिकार वा मानवीय कानुनको घोर उल्लङ्घन"को छानबिनका लागि आह्वान गर्ने भाषा विगतका सत्य आयोगका कार्यादेशहरूमा प्रयोग गरिएको छ ।

सामान्यतया सत्य आयोगहरूले आफ्ना छानबिनहरूलाई गम्भीर मानवअधिकार दुर्व्यवहार (यातना, बेपत्ता, गैरन्यायिक हत्या, मानवताविरुद्धको अपराध, जातिहत्या, आदि) एवं अन्तर्राष्ट्रिय मानवीय कानुन र युद्ध अपराधहरूमा केन्द्रित गरेका छन् । आयोगले दिएको जोड समग्रमा समाजले र विशेषतः पीडितहरूले सबैभन्दा गम्भीर र सम्बोधन गर्न सबैभन्दा आवश्यक सम्झेका दुर्व्यवहारहरूसँग मेल खानुपर्दछ । यसरी, आयोगलाई आफ्नो कार्यादेश पूरा गर्न दिने कसुरहरूको चाहिंदो साँघुरो जगत् वा घटनालाई परिभाषित गर्न तथा छानबिन गर्नुपर्ने सोचिएका कार्य वा घटनालाई बाहिऱ्याउन सक्ने अनुचित रूपले बन्देजकारी कार्यादेशलाई पन्छाएर होशियारपूर्ण सन्तुलन प्राप्त गर्नुपर्ने हुनसक्छ ।

## ४. प्रमुख पीडित जनसङ्ख्याप्रति विशेष ध्यान

हिंसाद्वारा विशेष प्रभावित विशिष्ट जनसङ्ख्या र विशेषगरी यो हिंसा कम प्रतिवेदित वा गलत बुझिएको अवस्थामा यी पीडितहरूप्रति वा दुर्व्यवहारका प्रकारहरूप्रति विशेष ध्यान दिन आयोगलाई निर्देशन दिनु उपयोगी हुन्छ । उदाहरणका लागि, केही आयोगहरूलाई महिला र बालबालिकाविरुद्धको दुर्व्यवहारप्रति वा यौन दुर्व्यवहारका पीडितहरूप्रति विशेष ध्यान दिन निर्देशन दिइएको छ। आयोगले यस्ता जनसङ्ख्याका लागि जस्तै, बालबालिकालाई गोपनीयताको बढी आश्वासन दिलाउने - चाहे ती पीडित बालबालिका हुन् वा दुर्व्यवहारका पीडकहरू हुन् - वा यौन दुर्व्यवहारबाट बाँच्न सफल भएकाहरूलाई सुनुवाइमा भाग लिन विशेष कार्यविधिहरू स्थापना गर्ने जस्ता विशेष कार्यविधिहरू स्थापना गर्नुपर्ने आवश्यकता हुनसक्छ । यी वा अन्य विशेष जनसङ्ख्याप्रति विशेष ध्यान दिन आयोगलाई मार्गनिर्देशन गर्नु, तर कार्यसञ्चालनसम्बन्धी निर्णयहरू आयोगलाई नै गर्न दिनु कार्यविवरणका लागि सबैभन्दा राम्रो हुन्छ ।

## ५. अति महत्वपूर्ण गतिविधिहरू

कार्यविवरणले आयोगले गर्ने अपेक्षा गरिएका अति महत्वपूर्ण कार्य वा गतिविधिहरू सूचीकृत गर्नुपर्दछ । उदाहरणका लागि, आयोगले पीडित, प्रत्यक्षदर्शी र अन्यबाट बयान लिनसक्ने; अनुसन्धान र छानबिन गर्नसक्ने; सार्वजनिक सुनुवाइ वा अधिवेशनहरूको आयोजना गर्नसक्ने; र आफ्नो कार्यादेशभित्र रहेर सत्य पत्ता लगाउन आवश्यक अन्य सबै गतिविधि गर्नसक्ने कुरा कार्यविवरणले उल्लेख गर्नसक्छन् । केही घटनामा, केही अफ्रिकी सन्दर्भहरूमा पारम्परित वा धार्मिक नेताहरू जस्ता सर्वश्रेष्ठ प्रमुखहरूलाई समावेश गर्न आयोगलाई निर्देशन दिइएको छ ।

## ६. अधिकारहरू

कुनै पनि आयोगलाई दिइएका अधिकारहरूले आफ्ना सबलता र पहुँचलाई निर्धारण गर्न मद्दत गर्नेछ । आयोगहरूले सामान्यतया कम्तीमा सम्बद्ध जानकारी उपलब्ध गर्नसक्ने कसैसँग पनि अन्तरवार्ता लिन, सार्वजनिक अधिकारीहरूको सहयोग प्राप्त गर्न र आवश्यक भएमा कुनै पनि स्थलगत भ्रमण गर्नसक्नु पर्ने हुन्छ । सत्य आयोगहरूलाई कुनै व्यक्तीलाई विषेश मुद्दाहरुमा आयोग समक्ष बोलाउने, खानतलास तथा कब्जा र प्रत्यक्षदर्शीहरूको संरक्षण गर्ने अधिकारहरू बढी दिइएको छ । व्यक्तीलाई आयोगमा उपस्थित गराउँदा आफैंविरुद्ध बक्न बाध्य पारिनसक्ने ती व्यक्तिहरूको अधिकारको संरक्षण गर्न आयोगलाई प्रयोगको उन्मुक्तिको अधिकार पनि आवश्यक हुनसक्छ, जसबाट व्यक्तिहरूलाई तिनले उपलब्ध गराएको जानकारी कुनै पनि फौजदारी कारबाहीमा तीविरुद्ध प्रयोग हुने छैन भन्ने आश्वस्त पार्न सकिन्छ ।

अनुचित तरिकाले आयोगमा, उदाहरणका लागि, हस्तक्षेप गर्ने वा जानीजानी झुटो सूचना उपलब्ध गराउने वा यसको बोलावट वा प्रत्यक्षदर्शीलाई संरक्षण गर्ने अधिकार उल्लङ्घन गर्ने कसैलाई पनि सजाय - संभवतः जरिमाना, कारागार सजाय, वा दुवै - दिन सकिन्छ भन्ने सुनिश्चित गर्न पर्याप्त अधिकार पनि आयोगलाई दिइनुपर्दछ ।

## ७. आममाफी वा अभियोजनहरूसँगको सम्बन्ध ?

अधिकांश सत्य आयोगलाई पीडकहरूलाई आममाफी दिने अधिकार हुँदैन । वास्तवमा ठूलो बहुमतले आफ्नो अन्तिम प्रतिवेदनमा तिनले अभिलेख गरेका घटनाहरूको फौजदारी अभियोजन (वा सम्भाव्य अभियोजन निम्त्याउने न्यायिक छानबिन) होस् भनी सिफारिस गर्दछन् र प्रायः तिनले आफूसँग भएका कुनै पनि प्रमाण अभियोजक अधिकारीहरूलाई बुझाउँछन् । सत्य आयोगले स्वभावैले अपराध र प्रायः व्यापक अपराधहरूसँग सम्बन्धित जानकारीबारेमा काम गरिरहने हुनाले आफ्ना छानबिनहरू र कुनै छुट्टै फौजदारी कार्यविधि अपनाएर गरिएका छानबिनहरूबीचको सम्बन्धप्रति होशियारीपूर्ण विचार पुऱ्याउनुपर्दछ। गैरन्यायिक निकायहरूको रूपमा आयोगहरू आफैले निश्चय नै कसैलाई पनि अभियोजन गर्नसक्दैनन् । कुनै पनि फौजदारी मुद्दालाई अगाडि बढाउन तिनले न्यायिक प्रणालीमा भर पर्नुपर्दछ ।

केही घटनाहरूमा, आयोगको कार्य भइरहेको भए पनि अभियोजकहरूलाई जानकारी दिन सकिन्छ; अझ के कुरा स्वभाविक हो भने यस्ता सिफारिसहरू आयोगको अन्तिम प्रतिवेदन सार्वजनिक नभएसम्म बाहिर आउँदैनन् । यो सिफारिस नाम तोकिएका व्यक्तिका लागि विशिष्ट, वा विगतका अपराधहरूका लागि थप छानबिन र फौजदारी न्यायका लागि सामान्य सिफारिस हुनसक्छ ।

## ८. व्यवस्थापिका वा कार्यपालिका कुनले स्थापना गर्ने ?

सत्य आयोग प्रायःजसो राष्ट्रिय कानुनमार्फत् वा राष्ट्रपतीय आदेशमार्फत् निर्माण गरिन्छन् । यी दुवैका फाइदा वा बेफाइदाहरू हुन सक्छन्, र राष्ट्रिय सन्दर्भले नै कुन बाटो स्पष्ट रूपले सबैभन्दा उत्तम हो वा वास्तवमा चाहिएको छ भन्ने पूर्वनिर्धारण गर्नसक्छ । तर, दुइवटामा एउटा विकल्प भएको अवस्थामा, समय (राष्ट्रपतीय आदेश कानुनभन्दा चाँडो जारी गर्न सकिन्छ); हुनसक्ने राजनीतिक प्रभाव (व्यवस्थापिकामा आयोगका अधिकारहरू वा क्षेत्रलाई कमजोर राख्न चाहने पक्षहरू पनि हुनसक्छन्); र राजनीतिक वा जनवैधानिकता (व्यवस्थापकीय प्रक्रियाले आयोगका लागि व्यापक राजनीतिक समर्थन सिर्जना गर्नसक्ने संभावना हुन्छ) जस्ता तत्वहरूमा विचार पुऱ्याउनु पर्दछ। केही कानुनी प्रणालीमा आयोगलाई दिइने निश्चित अर्ध न्यायिक अधिकारहरूका लागि व्यवस्थापकीय कार्यको आवश्यकता पर्दछ, जस्तो कि व्यक्तीलाई आयोग समक्ष उपस्थित् गराउने अधिकार ।

## ९. सिफारिसहरूको कार्यान्वयन

कार्यविवरणले सरकार, र व्यवस्थापिका, लाई सत्य आयोगका सिफारिसहरूप्रति गम्भीर विचार पुऱ्याउन प्रतिबद्ध गराउनुपर्दछ। केही घटनाहरूमा, जस्तो कि सियरा लियनमा, कार्यविवरणले अनुगमनबाट आएका सिफारिसहरूको कार्यान्वयनबारे त्रैमासिक आधारमा सरकारले सार्वजनिक प्रतिवेदन गर्न एउटा अनुगमन कार्यविधिको स्थापना गरेको छ । हालसम्म एल साल्भाडोर र सियरा लियनमा दुईवटा उदाहरण छन् जहाँ सत्य आयोगलाई बाध्यात्मक सिफारिसहरू (भन्नुको अर्थ, सरकारले आयोगका सबै सिफारिसहरू कार्यान्वयन गर्नेछ भन्ने पहिल्यै भएको सहमतिअनुसार) गर्ने अधिकार दिइएको छ । तर, आयोगले व्यवस्थापिका वा कार्यपालिकाका अधिकारहरू खोसेको रूपमा लिइयो भने यसले संवैधानिक वा अन्य कठिन मुद्दाहरूलाई उठाउनसक्छ । त्यसैले, सिफारिसहरू तथा तिनको कार्यान्वयनबारे नियमित सार्वजनिक प्रतिवेदनबारे गम्भीर विचार पुऱ्याउनु वाञ्छनीय हुनसक्छ ।

## घ. आयुक्तहरू छान्ने

अन्ततः आयोगलाई यसका सदस्यहरूले भन्दा अरु कुनै पनि तत्वले बढी परिभाषित गर्ने छैन । आदर्श अर्थमा भन्ने हो भने उनीहरू समाजका अत्यन्तै सम्मानित सदस्यहरू हुनुपर्दछ (वा अन्तर्राष्ट्रिय नागरिकहरू) जसलाई अघिल्लो द्वन्द्वका सबै पक्षद्वारा तटस्थ भनी स्वीकार गरिएको हुन्छ (वा समग्रमा सो समूह निष्पक्ष विचारहरूको प्रतिनिधिको रूपमा हेरिएको हुनुपर्दछ) । तिनमा धार्मिक नेता, व्यवसायी वकिल वा अवकाशप्राप्त न्यायाधीश, मनोवैज्ञानिक, शिक्षक, महिला वा बालबालिकाविरुद्ध हिंसासम्बन्धी विज्ञ, मानवअधिकार पेशाकर्मीहरू तथा अन्य पेशा वा पृष्ठभूमि भएका व्यक्तिहरू पर्नसक्छन् । केही देशहरूले अन्तर्राष्ट्रिय आयुक्तहरूलाई समावेश गर्न रोजेका छन्; यो निर्णय धेरै स्थानीय तत्व र झुकाउमा आधारित हुनेछ र अन्ततः यसको निर्णय राष्ट्रकै नागरिकहरूद्वारा हुनुपर्दछ । गैरराष्ट्रिय आयुक्तहरूलाई समावेश गर्नुका धेरै कारणमध्ये एक राष्ट्रका नागरिकहरूभन्दा बढी तटस्थको रूपमा हेरिने व्यक्तिहरू एवं सो प्रक्रियामा विशेष कानुनी वा अन्य दक्षता ल्याउन र रकम सङ्कलन, छानबिन र अन्तर्राष्ट्रिय पहुँचका लागि अन्तर्राष्ट्रिय सम्पर्क बढाउनसक्ने व्यक्तिहरूलाई संलग्न गराउने अनुभूत गरिएको आवश्यकता हुनसक्छ ।

आयुक्तहरू छान्ने प्रक्रिया र समय महत्वपूर्ण हुन्छन् । प्रथमतः, आयोगको कार्यविवरण तयार नभएसम्म आयुक्तहरूको नियुक्ति गरिनुहुँदैन । आयुक्तहरूको छिटो नियुक्ति गरेर प्रक्रियालाई शीघ्र सुरु गर्न भएका विगतका प्रयासहरू - जस्तै शान्ति सम्झौताका निष्कर्षलाई तत्कालै अनुसरण गरेर - ले एउटा प्रभावकारी र व्यापक रूपले सम्मानित आयोगका सम्भावनाहरूलाई बरु निकै नै कमजोर बनाएको छ । कार्यविवरणले छनौट प्रक्रिया तथा आदर्श आयुक्तहरूका आम गुण वा विशेषताहरूको विस्तृत उल्लेख गरेको हुनुपर्दछ । राजनीतिक नेताहरू वा राजनीतिक दलका प्रतिनिधिहरू, गुटहरू वा पूर्वसशस्त्र समूहहरूलाई आयोगमा राख्नेप्रति कुनै पनि झुकाउको सशक्त रूपले विरोध गरिनुपर्दछ ।

बरु, यदि सत्य आयोगका सदस्यहरूलाई परामर्शी प्रक्रियाद्वारा छानियो र जातीय, क्षेत्रीय वा धार्मिक समूहहरू, लिङ्ग र राजनीतिक विचारहरूको प्रतिनिधित्वमा उचित सन्तुलन सुनिश्चित गर्न इमानदार प्रयास गरियो भने आयोगहरूले सबैभन्दा ठूलो सार्वजनिक वा अन्तर्राष्ट्रिय समर्थन जुटाउनेछन् । यस्तो परामर्शी प्रक्रियामा आमजनताबाट मनोनयनको आह्वान गर्ने तथा मनोनयनहरूको जाँच गर्ने र अन्तिम प्रतिस्पर्धीहरूको अन्तरवार्ता लिएर नियुक्ति गर्ने निकायलाई अन्तिम आयुक्तहरूको नाम सिफारिस गर्न प्रतिनिधि छनौट समूह (विभिन्न क्षेत्र वा सामाजिक समूहहरूद्वारा नियुक्त)को गठन गर्ने कुराहरू पर्नसक्छन् । विगतका एकाध आयोगले एकदमै प्रभावकारी ढङ्गले यो काम गरेका छन् । अन्तर्राष्ट्रिय आयुक्तहरूको छनौटमा संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरू संलग्न हुनसक्छन्, तर अन्तिम नियुक्तिभन्दा अगाडि त्यसलाई राष्ट्रिय जाँच प्रक्रियामा समावेश पनि गरिनुपर्दछ । अन्तर्राष्ट्रिय आयुक्तहरू छान्ने नमूनाहरू फरकफरक देखिएका छन् । सियरा लियोनमा, राष्ट्रिय छनौट समूहले टिप्पणी गरेका तीनजना आयुक्तको सुझाव गर्न उच्चायुक्तको कार्यालयलाई अनुरोध गरिएको थियो ।

## ङ. तयारी गर्ने अवधि

विगतका धेरै सत्य आयोगले धेरै समय प्रशासनिक तथा व्यवस्थापकीय तयारीमा लगाए, जसले उनीहरूको सीमित कार्यसञ्चालन अवधिमा निकै कटौती गऱ्यो । कार्यालय भाडामा लिने, कर्मचारी राख्ने, डेस्क र कम्प्युटरहरू खरिद गर्ने तथा डाटाबेस कार्यक्रम सिर्जना गर्ने जस्ता अति आवश्यक साङ्गठनिक कुराहरू एवं रकम सङ्कलन गर्ने र कुनै सार्वजनिक बाह्य अभियान जस्ता अलिक ठूला कार्यहरूले आयोगले मनासिब किसिमले छानबिन वा बयान लिने काम थाल्नुभन्दा अगाडि नै यसको महिनौंको समय सजिलै लिइदिन सक्छ ।

यसरी, आधिकारिक कार्यसञ्चालन अवधि सुरु हुनुभन्दा अगाडि आयुक्तहरू नियुक्ति भएपछि कार्यविवरणले तीनदेखि छ महिनाको तयारी अवधि उल्लेख गरेको हुनुपर्दछ । प्रारम्भिक तयारीहरूमा यी कुराहरू पर्न सक्दछन् :

- कर्मचारी योजनाको तर्जुमा गर्ने र प्रारम्भिक कर्मचारी राख्ने
- बयान लिनेहरू र अन्यलाई कामको पहिलो चरणको लागि तालिम दिने
- कार्ययोजना अवलम्बन गर्ने
- सम्भावित सार्वजनिक सुनुवाइका लागि विशेष योजनाहरूको विचार गर्ने
- आवश्यक परेमा प्रत्यक्षदर्शी संरक्षण कार्यक्रम स्थापना गर्ने
- बजेटको तर्जुमा गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूबाट प्रारम्भिक कोषहरू खडा गर्ने
- आयोगमा उजुरी गरिने संभवतः हजारौं उल्लङ्घनको भण्डारण, सङ्गठन र पुनःप्राप्तिका लागि प्रभावकारी डाटाबेसको रूपरेखा तयार गर्ने र त्यसको स्थापना गर्ने
- सार्वजनिक बाह्य अभियानको रूपरेखा तयार गर्ने
- प्रारम्भिक पृष्ठभूमिको अनुसन्धान गर्ने
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरू, संयुक्त राष्ट्रसङ्घ, विदेशी सरकार र अन्य स्रोतहरूबाट विद्यमान दस्तावेजको सङ्कलन गर्ने

यो अवधिमा, आयोगको तयारीमा सहयोग गर्न स्रोतहरू, समर्थन र अन्तर्राष्ट्रिय परामर्श आवश्यकताअनुसार उपलब्ध गराइनुपर्दछ ।

❖❖❖❖

फागुन २०६३